गण्डकी प्रदेश सरकार
कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय
कृषि विकास कार्यालय, तनहुँ
फो.नं:०६५-५६३१३०
ईमेल:akctanahun@gmail.com
वेवसाईट:tanahun.akc.gov.np

कार्यक्रम संचालनको लागि आवेदन/प्रस्ताव पेश गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मितिः २०८३/०६/१)

यस कार्यालयको आ.व. २०८३/०८४ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलको संघीय सशर्त कार्यक्रम संचालन गर्न इच्छुक तनहुँ जिल्ला भित्रका कृषि फर्म/कृषि कम्पनी, कृषक समूह तथा कृषि सहकारी संस्थाले यो सूचना प्रकाशित भएको मितिबाट ३० दिन भित्र (२०८३/०६/३० गते सम्म) तोकिएको ढाँचामा कार्यक्रम प्रस्तावना सहित तपसिल बमोजिमका आवश्यक कागजातहरु संलग्न राखी यस कार्यालयमा निवेदन पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

क्र.सं.	कार्यक्रमको नाम	अनुदान प्रतिशत	कार्यक्रमको लक्ष्य	बजेट रू लाखमा	कैफियत
१	संघीय सशर्त कार्यक्रम				
१.१	प्राङ्गारिक कृषि प्रवर्द्धन कार्यक्रम	५०-८५	१ पटक	१५	प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधी २०८२ बमोजिम कार्यक्रम सञ्चालन हुने।

आवश्यक कागजातहरु

१) निवेदन र स्पष्टरुपले भरिएको प्रस्तावना फारम,
२) नेपाली नागरिकताको प्रमाणपत्र,
३) जग्गा धनीको लालपुर्जाको प्रतिलिपि वा भाडाको जग्गा भए जग्गा करारनामा सम्झौताको प्रतिलिपि,
४) कार्यक्रमको नाम उल्लेख गरी स्पष्ट रुपमा लेखिएको सम्बन्धित वडा कार्यालयको वा स्थानीय तहको कृषि शाखाको सिफारिस पत्र।
५) कृषि फर्म, समूह, संस्था, समिति, कम्पनी वा सहकारीले देहायका कागजातहरु संलग्न गर्नुपर्नेछः
दर्ता/स्थापना सम्बन्धी कागजातको प्रतिलिपि, नविकरण गर्नुपर्ने भएमा नविकरण प्रमाणपत्रको प्रतिलिपि, स्थायी लेखा नम्बरको प्रमाणपत्रको प्रतिलिपि, गत आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,, निर्णयको प्रतिलिपि (समूह र सहकारीको हकमा), कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि, अघिल्ला दुई आर्थिक वर्षमा अनुदानको लागि प्रस्ताव आव्हान गरिएकोमा कुनै कार्यालयबाट अनुदान प्राप्त गरे वा नगरेको स्वघोषणा पत्र) तथा कार्यालयले आवश्यक ठानेको तथा कार्यविधिमा माग भएका अन्य विवरण।

वरिष्ठ कृषि विकास अधिकृत

पुनश्च : प्रदेश तथा स्थानीय तहमा सशर्त वित्तीय हस्तान्तरण भएका कृषि विकास कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यविधी २०८२ बमोजिम कार्यक्रम सञ्चालन हुनेछ। ।उल्लेखित मितिभित्र आवश्यक कागजात र प्रकृया नपुगेका आवेदनहरुमाथि कुनै प्रकृया अगाडी बढाउन कार्यालय बाध्य हुने छैन।

थप जानकारीको लागिः कृषि विकास कार्यालय, तनहुँ,
फोन नं. ०६५-५६३१३०, ९८५६०६४१३०, ९८५६०७२२८६, ९८४६६२६२९७, ९८५८०५४२६६ वेवसाईटः tanahun.akc.gov.np